नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः
च.नं.

## प्रेस विज्ञप्ती

नेपाल सरकार र SUN Movement Secretariat को संयुक्त आयोजनामा आगामी 4-7 Novemember, 2019 मा काठमाडौमा आयोजना हुने SUN Global Gathering 2019 सम्बन्धी कार्यक्रमको प्रेस विज्ञप्ती (Media Advisory) यसै साथ संलग्न गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

(डा.किरण रुपाखेती)
प्रवक्ता

फोनः ४२११९७०, ४२११६८१, फ्याक्सः ९७७-१-४२११७००, ईमेलः info@npc.gov.np, वेभसाईटः www.npc.gov.np

# Nepal to host global gathering aiming to scale up nutrition commitments

**KATHMANDU | 15 October 2019 |** The 2019 Scaling Up Nutrition (SUN) Movement[1] Global Gathering, with the theme "Nourishing People and Planet Together", will be held in Kathmandu, Nepal, from 4 to 7 November 2019, at Hotel Yak and Yeti. The Government of Nepal will co-host this event with the Scaling Up Nutrition Movement and will bring together representatives from more than 80 countries, including Heads of State and Government, and leaders from UN agencies, regional organisations, civil society, donors and the private sector.

This Global Gathering, the second of the kind to take place in a SUN Movement member country, will be inaugurated by The Right Honourable Mr. KP Sharma Oli, Prime Minister of Nepal. Ms. Henrietta H. Fore, Executive Director of UNICEF and SUN Lead Group Chair, Ms. Gerda Verburg, UN Assistant Secretary-General and Coordinator of the SUN Movement, and heads of state and ministers from scores of countries, will play key roles.

As an early-riser in the SUN Movement, joining in 2011, Nepal has achieved remarkable progress in reducing malnutrition. Under the Government of Nepal's leadership, this flagship event will bring together over 1,000 participants from all over the world, with the aim of showcasing what is working to eliminate all forms of malnutrition, including undernutrition and obesity. It will also provide a platform for mobilising transformative commitments that nourish people and the planet in tandem leading up to the Tokyo Nutrition for Growth Summit in December 2020.

Good nutrition lies at the heart of economic and social development and is the key to reducing inequality and eliminating poverty, for everyone, everywhere. Despite this fact - nearly half of all child deaths are due to malnutrition. Poor diet is now the leading risk factor for death worldwide, responsible for more deaths than tobacco, high blood pressure, or any other health risk. Under Nepal's leadership, the SUN Global Gathering will unite all key nutrition actors – essential to make all forms of malnutrition a thing of the past and for achieving the Sustainable Development Goals (SDGs)

For further information and/or to arrange media interviews, please contact the National Planning Commission: Dr. Kiran Rupakhetee, sungg2019@npc.gov.np or +9779840068646, Mr. Yagya Raj Aryal, yraryal@npc.gov.np or +9779851135759 and the SUN Movement Secretariat: Ms. Iselin Danbolt, iselin.danbolt@scalingupnutrition.org or +41 79 823 5277. More information can be found at: https://scalingupnutrition.org/sungg2019/.

२०७६।६।२८

[1]Since 2010, the SUN Movement has inspired a new way of working collaboratively to end malnutrition, in all its forms. With the governments of the 61 SUN member countries in the lead, it unites people—from civil society, the United Nations, donors, businesses and researchers—in a collective effort to improve nutrition.

Government of Nepal
National Planning Commission
Singh Durbar, Kathmandu

Scaling Up NUTRITION

ENGAGE • INSPIRE • INVEST

# "पोषणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने"

काठमाडौं, असोज २८ । '**मानव र पृथ्वीलाई सँगै पोषित गर्दै**' भन्ने नाराका साथ **पोषण बिस्तार अभियान** ('**स्केलिङ अप न्युट्रिशन** - *सन* **मुभमेन्ट**') को अन्तर्राष्ट्रिय सम्मेलन आगामी कात्तिक १८ देखि २१ सम्म काठमाडौंको होटल याक एण्ड यतिमा हुने भएको छ। नेपाल सरकार र सन मुभमेन्टको संयुक्त आयोजनामा हुन लागेको यस सम्मेलनमा केही देशका राष्ट्र वा सरकार प्रमुखसहित ८० भन्दा बढी देशका प्रतिनिधिहरु सहभागी हुनेछन् । सम्मेलनका अन्य सहभागीहरुमा संयुक्त राष्ट्रसंघीय निकायका प्रमुखहरु र क्षेत्रीय सँगठन, नागरिक समाज, विकास साझेदार र निजी क्षेत्रका प्रतिनिधिहरु रहनेछन् ।

सन मुभमेन्टका सदस्य राष्ट्रमै आयोजना हुने यो दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन नेपालका सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीले गर्नु हुनेछ । सम्मेलनमा युनिसेफकी कार्यकारी निर्देशक र सन लिड ग्रुपकी अध्यक्ष हेन्रिता एच फोर, संयुक्त राष्ट्रसँघकी सहायक महासचिव तथा सन मुभमेन्टकी संयोजक गेर्डा भर्बर्ग र विभिन्न देशका राष्ट्र तथा सरकार प्रमुख र मन्त्रीहरुले प्रमुख भूमिका निर्वाह गर्नेछन ।

सन मुभमेन्टको शुरुवाती चरणको सदस्यकै रुपमा सन् २०११ मा सहभागी भएपछि नेपालले कुपोषण घटाउने कार्यमा उल्लेख्य प्रगति हासिल गरेको छ । नेपाल सरकारको नेतृत्वमा हुने यो अन्तर्राष्ट्रिय सम्मेलनमा संसारभरका १००० भन्दा बढी सहभागीहरुले न्युनपोषण र मोटोपनसहित कुपोषण अन्त्य गर्न विश्वभरि प्रभावकारी भइरहेका प्रयासहरुबारे छलफल गर्नेछन् । यो सम्मेलनले मानव र पृथ्वीलाई नै सुपोषित गर्ने रुपान्तरणकारी सरकारी प्रतिवद्धताहरुलाई सन् २०२० डिसेम्बरमा हुने '**वृद्धिका लागि पोषण टोकियो शिखर सम्मेलन**'लाई समेत दृष्टिगत गरी छलफल गर्ने अवसर उपलब्ध गराउनेछ ।

आर्थिक र सामाजिक विकासको मुटु नै पोषण हो । असमानता घटाउने र सबैको लागि गरिवी उन्मुलन गर्ने प्रमुख उपाय पनि पोषण नै हो । यी तथ्यका बाबजुद संसारभर मर्ने बालबालिकामध्ये आधा जति कुपोषणका कारण आफ्नो जीवन गुमाउन पुग्छन् । कमसल आहार नै मृत्युको प्रमुख कारण हो जसले सुर्ती सेवन, उच्च रक्तचाप वा अन्य स्वास्थ्य समस्याले भन्दा बढी ज्यान लिन्छ । नेपालको नेतृत्वमा हुने पोषण बिस्तार अभियानको यो अन्तर्राष्ट्रिय सम्मेलनले पोषणक्षेत्रमा काम गर्ने प्रमुख सरोकारवालाहरुलाई एक ठाउँमा ल्याई सबै प्रकारका कुपोषणलाई इतिहासमा सिमित गर्दै दीगो विकास लक्ष्य प्राप्तितर्फ उन्मुख गराउन महत्वपूर्ण योगदान गर्नेछ ।

*थप जानकारी वा मिडिया अन्तर्वार्ताहरु व्यवस्थापन गर्नका लागि राष्ट्रिय योजना आयोगमा डा. किरण रुपाखेती, sungg2019@npc.gov.np, +९७७९८४००६८६४६ वा यज्ञराज अर्याल, yraryal@npc.gov.np, +९७७९८५११३५७५९ वा सन मुभमेन्ट सचिवालयमा इसेलिन डानबोल्ट, iselin.danbolt@scalingupnutrition.org, +४१ ७९ ८२३ ५२७७ मा सम्पर्क गर्नुहोला । कार्यक्रमबारे थप जानकारी https://scalingupnutrition.org/sungg2019/ मा पनि उपलब्ध छ ।*

२०७६।६।२८

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं